निर्णयहरु :

१. मर्स्याङ्दी गा.पा. ५ को घेर्मु स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी श्री सीता गुरुङ् घलेलाई अर्को व्यवस्था नहुँदा सम्म मर्स्याङ्दी गा.पा. ६ को बाहुँनडाँडा स्वास्थ्य चौकीमा कामकाज गर्नका लागि र मर्स्याङ्दी गा.पा. ६ को बाहुँनडाँडा स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. श्री सुष्मा परियारलाई अर्को व्यवस्था नहुँदा सम्म मर्स्याङ्दी गा.पा. ५ को घेर्मु स्वास्थ्य चौकीमा कामकाजका लागि खटाउने निर्णय गरियो ।

२. जनकल्याण मा.वि. ले आफ्नो स्मारिका प्रकाशन गर्दा मर्स्याङ्दी गाउँपालिकाको सन्देश पनि प्रकाशन गरेको हुँदा उक्त विद्यालयलाई रु ५,०००।०० उपलब्ध गराउने निर्णय गरियो ।

३. मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०७४/७५ को प्रारम्भिक म.ले.प. प्रतिवेदनमा जलवायु अनुकुलित गाउँ कार्यक्रम सञ्चालन गर्दा लाभग्राही पहिचान, छनौटको आधार, सामान वितरणको मापदण्ड लगायतका विषयमा गाउँपालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने भनी वेरुजु औल्याईएकोमा सो सम्बन्धमा अनुगमन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्ने गरि निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक - श्री होम बहादुर वि.क. ( उपाध्यक्ष, मर्स्याङ्दी गा.पा. )

ख) सदस्य - श्री चेत वहादुर गुरुङ ( वडा अध्यक्ष, मर्स्याङदी गा.पा. वडा नं. २ )

ग) सदस्य - श्री नारायण वहादुर थापा ( वडा अध्यक्ष, मर्स्याङदी गा.पा. वडा नं. ९ )

४. मर्स्याङ्दी गाउँपालिकाको आ.व. २०७४/७५ को प्रारम्भिक म.ले.प. प्रतिवेदनमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा नं. ९ र ३ का लाभग्राहीहरुले भरपाई गर्नुपर्नेमा अन्य व्यक्तिले बुझेको पाईएकोले सम्बन्धित लाभग्राहीले पाए नपाएको सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्नुपर्ने भनी वेरुजु औल्याईएकोमा सो सम्बन्धमा अनुगमन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्ने गरि निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक - श्री युवा घले ( वडा अध्यक्ष, वडा अध्यक्ष, मर्स्याङदी गा.पा. वडा नं. ७ )

ख) सदस्य- श्री कृष्ण वि.क. ( कार्यपालिका सदस्य, मर्स्याङदी गा.पा. )

ग) सदस्य - श्री राम ब.थापा ( आर्थिक तथा सामाजिक विकास शाखा प्रमुख )

५. मर्स्याङ्दी गाउँपालिका, खुदीमा रहेको खुदी प्रहरी चौकीलाई गाडी मर्मतका लागि रु ९,१००।०० उपलब्ध गराउने निर्णय गरियो ।

६. मर्स्याङ्दी गाउँपालिकाको कार्यालय परिसरलाई धुलोमुक्त बनाउन टाएल लगाउने निर्णय गरियो । साथै उक्त काम प्राविधिक स्टीमेट अनुसार अमानतमा गर्ने निर्णय गरियो ।

७. मर्स्याङ्दी गाउँपालिकाभित्र टेक्टरबाट फोहोरमैला संकलन भई फोहोरमैला संकलन केन्द्र, भुलभुलेमा संकलन भएकोमा उक्त फोहोरमैलाबाट प्लाष्टीकजन्य, सिसा, फलाम, टिन जस्ता पुन प्रयोगमा आउने सामान छुट्याउने कार्यका लागि शुरुमा एक पटक दैनिक ज्यालादारीमा ४/५ जना मानिस लगाएर

छुट्याउने काम लगाउने र त्यस पछि २ जना कर्मचारीलाई नियमित रुपमा दैनिक ज्यालादारीमा प्रति व्यक्ति ४५०।०० का दरले भुक्तानी हुने गरी काम लगाउने र उक्त कार्यमा खर्च भएको रकम गाउँसभाबाट स्वीकृत भएको फोहोरमैला व्यवस्थापन शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

८. मर्स्याङ्दी गाउँपालिकाको पाँचौ अथवा आ.व. २०७५/७६ को दोस्रो गाउँसभामा निम्नानुसारका प्रस्तावहरु पेश गर्ने निर्णय गरियो ।

**अ. सम्बन्धित वडाबाट प्राप्त सिफारिसका आधारमा निम्नानुसारका वडा कार्यालयहरुको केन्द्र तल उल्लेखित स्थानहरुमा तोक्नका लागि प्रस्ताव पेश गर्ने ।**

क) मर्स्याङ्दी गा.पा. वडा नं. १ को केन्द्र - मर्स्याङ्दी गा.पा. वडा नं. १ को मेख्ले ।

ख) मर्स्याङ्दी गा.पा. वडा नं. २ को केन्द्र - मर्स्याङ्दी गा.पा. वडा नं. २ को मोरङी टोल ।

ग) मर्स्याङ्दी गा.पा. वडा नं. ३ को केन्द्र - मर्स्याङ्दी गा.पा. वडा नं. ३ को खुदी बजार ।

घ) मर्स्याङ्दी गा.पा. वडा नं. ४ को केन्द्र - मर्स्याङ्दी गा.पा. वडा नं. ४ को छापाडाँडा ।

ङ) मर्स्याङ्दी गा.पा. वडा नं. ५ को केन्द्र - मर्स्याङ्दी गा.पा. वडा नं. ५ को घेर्मु फाँट ।

च) मर्स्याङ्दी गा.पा. वडा नं. ७ को केन्द्र - मर्स्याङ्दी गा.पा. वडा नं. ७ को ङादी ।

**आ. मर्स्याङ्दी गाउँपालिकाको चौथो गाउँसभाले वजेट विनियोजन गरेको निम्नानुसारका आयोजनाहरुलाई निम्नानुसारले संसोधन गर्नका लागि प्रस्ताव पेश गर्ने ।**

क) वडा नं. २ को सुधा मिलन सामुदायिक संस्था भवन आयोजनाको नाम संसोधन गरि जनकल्याण सामुदायिक भवन निर्माण कायम गर्ने । ( वजेट रु ६,००,०००।०० मा थप २,००,०००।०० गरि जम्मा रु ८,००,०००।०० कायम गर्ने ) ।

ख) वडा नं. ३ मा निम्नानुसारका आयोजनाहरुमा विनियोजित वजेट लाई सो आयोजनाहरु कार्यान्वयनमा आउन नसक्ने हुँदा ति आयोजनामा विनियोजित वजेट कटौती गरी ढगै-हर्सिङ मोटरबाटोमा रु ७,४५,०००।०० विनियोजन गर्ने र यस गाउँसभाबाट थप रु ६,५०,०००।०० समेत गरि १३,९५,०००।०० वजेट कायम गर्ने । साथै आ.व. २०७५/७६ को पहिलो गाउँसभामा यस आयोजनामा रु ७,००,०००।०० विनियोजन गरिएकोमा अव उक्त सडकका लागि जम्मा रु २०,९५,०००।०० वजेट कायम गर्ने ।

- खुदी बाल उद्यान रु ५,००,०००।००
- कृषि उपकरण अनुदान ( मिनिटिलर खरिद ) रु १,४५,०००।००
- हिमप्रेमी खेल मैदान रु १,००,०००।००

ग) वडा नं. ३ को खुदी बजार भित्रि सडक शिर्षक संसोधन गरी वतासे ढुङ्गाबाट खुदीखोला सम्म कुलो निर्माण आयोजना कायम गरी उक्त योजनामा वजेट रु ५;००,०००।०० कायम गर्ने ।

घ) वडा नं. ३ को पञ्चकन्या मन्दिर तथा सामुदायीक भवन निर्माण शिर्षकलाई संसोधन गरी पञ्चकन्या मन्दिर तथा गोरेटो बाटो निर्माण कायम गरी उक्त आयोजनामा वजेट रु २,००,०००।०० कायम गर्ने ।

ङ) वडा नं. ४ को आठखेत मोटरबाटो शिर्षकलाई संसोधन गरि सिँचाई तथा तरकारी खेती योजना आठखेत कायम गरी उक्त आयोजनामा वजेट रु ३,००,०००।०० कायम गर्ने ।

च) वडा नं. ४ को खानेपानी पाईप खरिद दलित वस्ती शिर्षकलाई संसोधन गरी खानेपानी पाईप खरिद घट्टेखोला, पैंचेखोला कायम गरी उक्त आयोजनामा वजेट रु ५०,०००।०० कायम गर्ने ।

छ) वडा नं. ४ को स्याङ्गे सामुदायिक भवन शिर्षकलाई संसोधन गरी स्याङ्गे खानेपानी निर्माण कायम गर्ने र उक्त आयोजनामा वजेट रु २,००,०००।०० कायम गर्ने ।

ज) वडा नं. ५ को श्रीचौर तल्लो चिप्ला सडकमा विनियोजित रु ६,५०,०००।०० वजेट शिर्षकलाई संसोधन गरी तल्लो चिप्ला भित्रि गोरेटो बाटो निर्माणमा रु ३,००,०००।०० कायम गरी नयाँ रु १,००,०००।०० थप गरी रु ४,००,०००।०० कायम गर्ने र क्वोइप्रो सिंचाई आयोजनामा रु ३,५०,०००।०० वजेट कायम गर्ने ।

झ) वडा नं. ६ को टारी गोरेटोबाटो शिर्षकलाई संसोधन गरि टारी सिंचाई कायम गर्ने र उक्त आयोजनामा वजेट रु ४,००,०००।०० कायम गर्ने ।

ञ) वडा नं. ६ को चन्द्रोदय मा.वि. छात्रावास फर्निचर शिर्षकलाई संसोधन गरी श्री चन्द्रोदय मा.वि. फर्निचर खरिद कायम गर्ने र वजेट रु २,००,०००।०० कायम गर्ने ।

ट) वडा नं. ६ को सहकार्यमा फिल्टर वितरण शिर्षकलाई संसोधन गरी सहकार्यमा सुधारिएको चुल्हो वितरण कायम गर्ने र वजेट रु ४,००,०००।०० कायम गर्ने ।

ठ) वडा नं. ८ को विपन्न वर्गलाई खानेपानी मिटर खरिद शिर्षकलाई संसोधन गरी विपन्न वर्गलाई खानेपानीमा सहयोग कायम गर्ने र वजेट रु ५०,०००।०० कायम गर्ने ।

ड) वडा नं. ९ को सिम्पानी सामुदायिक भवन तथा गणेश मन्दिर निर्माण शिर्षकलाई संसोधन गरी सिम्पानी सामुदायिक भवन तथा राधाकृष्ण मन्दीर निर्माण कायम गर्ने र वजेट रु ८,००,०००।०० कायम गर्ने ।

ढ) वडा नं. ९ को गाईखुरेश्वर मन्दिर घेरावार र मैदान शिर्षकलाई संसोधन गरी गोखुरेश्वर मन्दिर घेरावार र मैदान कायम गर्ने र वजेट रु ३,००,०००।०० कायम गर्ने ।

ण) वडा नं. ९ को मणिडाँडा खेलमैदान, पाम्चोक शिर्षकलाई संसोधन गरी पाम्चोक खेलमैदान कायम गर्ने र वजेट रु २,००,०००।०० कायम गर्ने ।

त) सूर्यज्योती खानेपानीमा रु ५०,०००।०० विनियोजन गरीएकोमा रु २ लाख ५० हजार थप गरी आयोजनाको नाम सूर्यज्योती प्रा.वि. खानेपानी तथा कक्षाकोठा मर्मत कायम गर्ने र वजेट रु ३,००,०००।०० कायम गर्ने ।

**इ. मर्स्याङ्दी गाउँपालिकाको चौथो गाउँसभाले वजेट विनियोजन गरेको निम्नानुसारका चालु तर्फका निम्नानुसारले संसोधन गर्नका लागि प्रस्ताव पेश गर्ने ।**

क) कर्मचारीको बैठक भत्ता शिर्षकमा रु ३,००,०००।०० वजेट कायम गरिएकोमा उक्त शिर्षकमा विनियोजित वजेट कटौती गर्ने ।

ख) इन्धन ( पदाधिकारी ) शिर्षकमा रु ८,००,०००।०० वजेट कायम गरिएकोमा उक्त शिर्षकमा विनियोजित वजेट कटौती गर्ने ।

ग) पदाधिकारी बैठक भत्ता शिर्षकमा रु ३२,००,०००।०० वजेट विनियोजन गरिएकोमा उक्त शिर्षकमा विनियोजित वजेट मध्ये रु ११,००,०००।०० वजेट घटाई रु २१,००,०००।०० कायम गर्ने ।

अब कायम हुने वजेट

क) भ्रमण खर्च शिर्षकमा रु २,००,०००।०० वजेट रहेकोमा थप रु ५,००,०००।०० थप गरी रु ७,००,०००।०० कायम गर्ने । ( यसमा थप भएको वजेट मध्ये रु ३,००,०००।०० कर्मचारी बैठक भत्ता शिर्षकबाट रकमान्तर गर्ने र बाँकी रु २,००,०००।०० पदाधिकारी बैठक भत्ताबाट रकमान्तर गर्ने । )

ख) ईन्धन कार्यालय प्रयोजनमा रु ७,००,०००।०० वजेट रहेकोमा व्याकुलोडर, टेक्टर लगायतका सवारी साधन समेतका लागि रु १०,०१,३३४।०० थप गरी रु १७,०१,३३४।०० कायम गर्ने ।

( यसमा थप भएको वजेट मध्ये रु ८,००,०००।०० ईन्धन, पदाधिकारी शिर्षकबाट र रु २,०१,३३४।०० पदाधिकारी बैठक भत्ताबाट रकमान्तर गर्ने । )

**ई. यस गाउँपालिकाको गत आ.व. मा रहेको बैंक मौज्दात तथा निम्नानुसारका रकमलाई समेत आयको रुपमा आधार मानी तपशिलमा उल्लेखित आयोजनाहरुमा रकम विनियोजन गर्नका लागि प्रस्ताव पेश गर्ने ।**

| आय तर्फ | | | | |
|---|---|---|---|---|
| **क्र.स.** | **कार्यक्रम /आयोजनाको नाम** | **वडा नं.** | **विनियोजन रु** | **कैफियत** |
| १ | गत आ.व.को बैङ्क मौज्दात | | १९६८५५१६.१४ | |
| २ | संघ तथा प्रदेश समपुरक कोष | | ४००००००.०० | |
| ३ | सहकार्यमा २५ सैयाको अस्पताल स्थापना | | २००००००.०० | |
| ४ | एकिकृत सम्पत्ति कर सम्बन्धि तयारी | | ३०००००.०० | रकमान्तर गरिएको |
| ५ | कन्टेन्जेन्सी रकम | | ५०००००.०० | |
| ६ | पदाधिकारी बैठक भत्ता | | ६९८६६६.०० | |
| | **जम्मा** | | २७१८४१८२.१४ | |

**व्यय तर्फ**

**सरसफाई संरचना निर्माण (३११५८)**

| **क्र.स.** | **कार्यक्रम /आयोजनाको नाम** | **वडा नं.** | **विनियोजन रु** | **कैफियत** |
|---|---|---|---|---|
| १ | ढल निकास ठुलोबेँसी | ६ | ३०००००.०० | |
| | **जम्मा** | | ३०००००.०० | |

**सडक तथा पुल निर्माण (३११५१)**

| **क्र.स.** | **कार्यक्रम /आयोजनाको नाम** | **वडा नं.** | **विनियोजन रु** | **कैफियत** |
|---|---|---|---|---|
| १ | रोप्लेफाँट घोप्टे सडक | २ | ३०००००.०० | थप |
| २ | मोरडयु सडक | २ | २०००००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | चिप्ला गोरेटो बाटो | ५ | १००००.०० | |
| ६ | निउरी आन्तरिक गोरेटो बाटो | ५ | २००००.०० | |
| ७ | पूर्वेली टोल-रोप्लेफाँट सडक स्तरोन्नती | गा.पा. | १०००००.०० | |
| ८ | खुदी पुरानो झोलुङ्गे पुल मर्मत | गा.पा. | ४०००००.०० | थप |
| ९ | ड्याम साइट दोभानचौर सडक स्तरोन्तति | गा.पा. | २०००००.०० | |
| १० | स्याङ्गे झोलुङ्गे पुल मर्मत | गा.पा. | ३०००००.०० | |
| ११ | नयाँ झोलुङ्गे पुल निर्माणमा संघ सरकारसंगको सहकार्य | गा.पा. | ५०००००.०० | |
| | जम्मा | | ४०५००००.०० | |

अन्य सार्वजनिक निर्माण (३११५९)

| क्र.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजन रु | कैफियत |
|---|---|---|---|---|
| १ | घनपोखरा खेल मैदान स्टेज निर्माण | २ | २०००००.०० | थप |
| २ | भकारो सुधार कार्यक्रम | २ | १०००००.०० | |
| ३ | झ्याके भिर रेलिङ | ३ | २०००००.०० | |
| ४ | प्रेम मिलन मा.वि.कम्पाउन्डीङ | ४ | ४५००००.०० | |
| ५ | स्वास्थ्य चौकी सामाग्री खरिद | ५ | २५००००.०० | |
| ६ | स्वास्थ्य चौकी भवन रङरोगन | ७ | १०००००.०० | |
| ७ | पौरखी कृषक समुह | ७ | २०००००.०० | |
| ८ | महेन्द्रदेव मा.वि. कक्षा कोठा मर्मत | ७ | २०००००.०० | |
| ९ | नयाँगाउँ खेल मैदान | ७ | १०००००.०० | |
| १० | भकारो सुधार | ८ | १०००००.०० | थप |
| ११ | टनेल खरिद | ८ | ५००००.०० | थप |
| १२ | मौरी सहितको घार वितरण | ८ | ५००००.०० | थप |
| १३ | जनप्रगति प्रा.वि. कक्षा कोठा मर्मत | ९ | १०००००.०० | |
| १४ | सूर्य ज्योति प्रा.वि. खानेपानी तथा कक्षा कोठा मर्मत | ९ | २५००००.०० | थप |
| १५ | भलाम रेलीङ र शौचालय | ९ | ३०००००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १६ | गैरी गाउ खेल मैदान | ९ | १०००००.०० | |
| १७ | जनशक्ति कृषि सहकारी भवन मर्मत | गा.पा. | ३०००००.०० | |
| १८ | ढुङ्गा खानी आइ ई ई (सिम्पानी, ताघ्रिङ) | गा.पा. | २०००००.०० | |
| १९ | खुदी प्रहरी बिट निर्माण | गा.पा. | १०००००.०० | |
| २० | गाउँपालिका स्तरीय आधारभुत तथा अन्य परीक्षा सञ्चालन खर्च | गा.पा. | २३४१८२.१४ | |
| २१ | विद्यालय दिवा खाजा | गा.पा. | ३५००००.०० | |
| २२ | सडक हेरालु | गा.पा. | ५०००००.०० | |
| २३ | विपद व्यवस्थापन कोष | गा.पा. | १००००००.०० | |
| २४ | खुदी, रोप्लेफाँट, नायु, घनपोखरा सडक डिपिआर | गा.पा. | ११०००००.०० | |
| २५ | खुदी, शिउरुङ, स्याङ्गे सडक डिपिआर | गा.पा. | ११०००००.०० | |
| २६ | डादी, उस्ता, बराहपोखरी सडक डिपिआर | गा.पा. | ११०००००.०० | |
| २७ | धैरेनी खेल मैदान डिपिआर | गा.पा. | ३०००००.०० | |
| २८ | खुदी जल्केनी पार्क डिपिआर | गा.पा. | ३०००००.०० | |
| २९ | मर्स्याङ्दी ९ खानेपानी डिपिआर | गा.पा. | ५०००००.०० | |
| ३० | कृषि, पशु तथा जडीबुटी सम्भाव्यता अध्ययन | गा.पा. | ३०००००.०० | |
| ३१ | तथ्याङ्क संकलन तथा अभिलेखिकरण ( गा.पा. को स्थिती पत्र निर्माण ) | गा.पा. | ५०००००.०० | |
| ३२ | कोशिस नेपाल सँगको सहकार्य | गा.पा. | २०००००.०० | |
| ३३ | बैकल्पिक पदमार्ग | गा.पा. | १०००००.०० | थप |
| ३४ | निःशुल्क विरामी दर्ता शुल्क वापत स्वास्थ्य चौकीहरुलाई अनुदान | गा.पा. | १५००००.०० | |
| ३५ | अध्ययन अवलोकन भ्रमण | गा.पा. | ४०००००.०० | |
| | **जम्मा** | | ११४८४१८२.१४ | |

| क्र.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजन रु | कैफियत |
|---|---|---|---|---|
| १ | कन्यादेवी प्रा.वि. कम्प्युटर खरिद | ४ | ५००००.०० | |
| २ | हाते ट्र्याक्टर खरिद | गा.पा. | ६०००००.०० | वडा नं २ को लागि १, वडा नं. ५ को लागि २, वडा नं. ६ को लागि २, वडा नं. ७ को लागि १ , वडा नं. ८ को लागि ४ र वडा नं. ९ को लागि ४ गरी जम्मा १४ वटा । |
| ३ | मेसनरि औजार | गा.पा. | १७५००००.०० | |
| | जम्मा | | २४०००००.०० | |

भवन निर्माण (३१११२)

| क्र.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजन रु | कैफियत |
|---|---|---|---|---|
| १ | तमु जनजागृति आमा समुह भवन मर्मत | १ | १०००००.०० | |
| २ | जन कल्याण सामुदायिक भवन निर्माण | २ | २०००००.०० | थप |
| ३ | शिलादेवी यूवा क्लव भवन मर्मत तथा शौचालय निर्माण | ३ | ३०००००.०० | |
| ४ | गंगा मिलन मा.वि. विद्यालय भवन मर्मत | ५ | ५०००००.०० | थप |
| ५ | सिर्जना प्रा.वि. भवन निर्माण | ७ | २०००००.०० | थप |
| ६ | १ नम्बर वडा कार्यालय भवन निर्माण | गा.पा. | १००००००.०० | |
| ७ | २ नम्बर वडा कार्यालय भवन निर्माण | गा.पा. | १००००००.०० | |
| ८ | ३ नम्बर वडा कार्यालय भवन निर्माण | गा.पा. | १००००००.०० | |
| | जम्मा | | ४३०००००.०० | |

फर्निचर तथा फिक्चर्स (३१११५)

| क्र.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजन रु | कैफियत |
|---|---|---|---|---|
| १ | छापा स्मारिका भवन फर्निचर | ४ | १०००००.०० | |

| | | | | |
|---|---|---|---|---|
| २ | जटेश्वर आधारभूत विद्यालय फर्निचर | ६ | १०००००.०० | |
| | जम्मा | | २०००००.०० | |

## सिंचाई संरचना निर्माण (३११५५)

| क्र.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजन रु | कैफियत |
|---|---|---|---|---|
| १ | हाँगो सिचाई मर्मत | ३ | ३०००००.०० | |
| २ | तोप्रोखोला सिँचाई | ४ | ५०००००.०० | |
| ३ | घोप्टेखोला सिँचाई | ४ | ३०००००.०० | |
| ४ | कर्म चे खोला सिँचाई | ४ | १०००००.०० | |
| ५ | गैरी खेत सिँचाई | ६ | २०००००.०० | |
| ६ | कामीटार फाँट सिँचाई | ६ | ३०००००.०० | |
| ७ | साठीकुलो मर्मत | ७ | १०००००.०० | |
| ८ | घरचौर, लाम्पाटा, खोरीया, रिनचौर सिँचाई | ८ | ५०००००.०० | |
| ९ | टारी भट्टथोक सिँचाई | ९ | ४०००००.०० | |
| | जम्मा | | २७०००००.०० | |

## विद्युत संरचना निर्माण (३११५३)

| क्र.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजन रु | कैफियत |
|---|---|---|---|---|
| १ | लागत सहभागितामा काठेपोल प्रतिस्थापन | गा.पा. | ६०००००.०० | |
| | जम्मा | | ६०००००.०० | |

## खानेपानी संरचना निर्माण (३११५६)

| क्र.स. | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजन रु | कैफियत |
|---|---|---|---|---|
| १ | कलाउबेसी खानेपानी | १ | ३०००००.०० | |
| २ | नालधारा खानेपानी | १ | २०००००.०० | |
| ३ | तराञ्चे खानेपानी मर्मत | ७ | १०००००.०० | |
| ४ | ताराचोक सेरा खानेपानी | ७ | १०००००.०० | |
| ५ | महाँस्वारा खानेपानी मर्मत | ८ | २०००००.०० | |
| ६ | महथोक खानेपानी | ९ | १५००००.०० | |
| ७ | सेरा खानेपानी मर्मत | ९ | १०००००.०० | |
| | जम्मा | | ११५००००.०० | |

९. मर्स्याङ्दी गाउँपालिका पशुसेवा शाखा तर्फको वडा नं. ४, ६ र ७ को स्वीकृत कार्यक्रममा त्रिपाल खरिदमा किसानहरुको माग बढी भएकोले कार्यक्रममा छुट्याएको वजेट भित्र रहेर थप ९ वटा त्रिपाल खरिद गरिएकोमा उक्त निर्णय एवं खर्चलाई अनुमोदन गर्ने निर्णय गरियो ।